नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : २०७५/७६
चलानी नं :- ३०५

मिति : २०७५।०८।२६

श्री महानगरपालिका, सबै ।
श्री उप-महानगरपालिका, सबै ।
श्री नगरपालिका, सबै ।
श्री गाउँपालिका, सबै ।

**विषयः- जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं. १५, मिति २०७५/०८/२५ को पत्रबाट **दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको लागि हवाई उद्दार सम्बन्धी कार्यविधि, २०७५** को जानकारीको सहजीकरण गरिदिन लेखी आएकोले आवश्यक जानकारीको लागि प्राप्त कार्यविधि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

केशवराज पाधे
शाखा अधिकृत

**बोधार्थः-**
श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, लैङ्गिक हिंसा निवारण शाखा ।
श्री सूचना तथा प्रविधि शाखाः websiteमा uploadगरिदिनु हुन ।

नेपाल सरकार
# महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
(लैङ्गिक हिंसा निवारण शाखा)

सिंहदरबार, काठमाण्डौं
फोन: ०१-४२००५०२
फ्याक्स: ०१-४२००११६
मिति: २०७५।०८।२५

पत्रसङ्ख्या:०७५/०७६(लै.हि.नि.)
चलानी नं: ९५

श्री सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार ।

**विषय :- पत्राचार गरी सहजीकरण गरिदिने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस मन्त्रालयको राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी हुने अवस्थामा ज्यान जोखिममा रहेका महिलालाई हवाई उद्धार गर्ने कार्यक्रम रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ । **दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७५** स्वीकृत भए अनुसार सो कार्यको लागि नेपाली सेनाको हेलिकप्टर चार्टर भाडामा लिई उल्लेखित उद्धार कार्य संचालन गरिने हुनाले हवाई उद्धार सम्बन्धी कार्यविधिमा उल्लेखित तपशिलका दुर्गम क्षेत्रका जिल्लामा हवाई उद्धार कार्यक्रम संचालन हुनेछ । उक्त हवाई उद्धार कार्यक्रम संचालन हुने जिल्ला एवं जिल्लाका स्थानीय तहहरुलाई दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको लागि हवाई उद्धार सम्बन्धी कार्यविधि २०७५ को जानकारी सहित पत्राचार गरी सहजीकरण गरिदिने व्यवस्थाको लागि उक्त कार्यविधि यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा यस मन्त्रालयको मिति २०७५/०८/२५को निर्णयानुसार अनुरोध छ ।

**तपशिल:-**

( दार्चुला, बैतडी, बाजुरा, बझाङ, डोटी, अछाम, जाजरकोट, दैलेख, मुगु, कालिकोट, जुम्ला, हुम्ला, डोल्पा, ताप्लेजुङ, संखुवासभा, पाँचथर, तेह्रथुम, खोटाङ, ओखलढुंगा, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक (पाचपोखरी थामपालथाप गा.पा., हेलम्बु गा.पा., जुगल गा.पा.) रसुवा, धादिङ(रूबीभ्याली गा.पा,) गोरखा, (सुलिकोट गा.पा., आरुघाट गा.पा., सिरानचोक गा.पा. ,गण्डकी गा.पा., अजिरकोट गा.पा., धार्चे गा.पा., चुमनुब्री गा.पा) बाग्लुङ (ढोरपाटन न.पा.,गलकोट न.पा., बडिगाड गा.पा., निसिखोला गा.पा., बरेङ गा.पा., ताराखोला गा.पा., काँठेखोला गा.पा.,तमानखोला गा.पा.,जैमुनी न.पा.,) मनाङ, मुस्ताङ, म्याग्दी, रोल्पा, रुकुमपूर्व, रुकुमपश्चिम र सल्यान )

२०७५।०८।२५
प्रमिला भण्डारी
शाखा अधिकृत

# दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुकालागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७५

१। भूमिका

नेपालको संविधानको धारा ३८ को उपधारा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसर उपलब्ध गराउने मौलिक हकको व्यवस्था गरेको छ। आ.व.२०७५/७६ देखि राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा गर्भवती तथा सुत्केरी हुने अवस्थामा स्वास्थ्य समस्या सिर्जना भई ज्यान जोखिममा रहेका महिलालाई हवाई उद्धार गरी तोकिएका अस्पतालमा पुर्याई गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि यो कार्यविधि तयार गरिएको छ।

२ संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि हवाई उद्धारसम्वन्धी कार्यविधि, २०७५" रहेको छ।

(२) यस कार्यविधि तुरुन्त लागु हुनेछ।

३.परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "कार्यक्रम" भन्नाले राष्ट्रपति महिला उत्थान कार्यक्रम सम्झनु पर्दछ।

(ख) "मन्त्रालय" भन्नाले महिला बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ।

(ग) "विभाग" भन्नाले महिला तथा बालवालिका बिभाग सम्झनु पर्दछ।

(घ) "प्रजनन् स्वास्थ्य" भन्नाले प्रजननसम्बन्धी शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्यको स्थिति सम्झनुपर्दछ।

(ङ) "गर्भवती" भन्नाले गर्भाधारण हुनु अघिको अन्तिम पटक महिनावारी भएको पहिलो दिन देखि महिलाको पाठेघर भित्र गर्भ रहेको अवधिलाई सम्झनु पर्दछ।

(च) "सुत्केरी" भन्नाले महिलाले बच्चा जन्माएको अवस्था देखि ४२ दिन भित्रको अवधिलाइ सम्झनु पर्दछ।

(छ) "ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला" भन्नाले लगातार लामो प्रशव वेथा लागेको, वच्चा जन्मन कठिनाई भएको, गर्भमा नै वच्चाको मृत्यु भएको, गर्भ अवस्थामा हात खुट्टा शरीर सुन्निएको, अधिक रक्त श्राव भएको, रक्त अल्पता भएको, गर्भावती तथा सुत्केरी महिला सम्झनुपर्दछ।

(ज) "दुर्गम क्षेत्र" भन्नाले स्तरयुक्त सडक यातायातका साधनको पहुँच नपुगेका दफा ५ बमोजिमका दुर्गम हिमाली तथा पहाडी क्षेत्रका जिल्ला सम्झनु पर्दछ ।

(झ) "हवाई साधन" भन्नाले नियमित हवाई उडान वा हेलिकप्टर सम्झनु पर्दछ ।

(ञ) "हवाई उद्धार" भन्नाले ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई हवाई साधनबाट तोकिएका नजिकको सरकारी अस्पताल सम्म पुर्याउने कार्यलाइ सम्झनु पर्दछ ।

**४. हवाई उद्धार कार्यक्रमको उद्देश्य :**

(क) महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्वन्धी हकको कार्यान्वयन गर्ने ।

(ख) नियमित यातयात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने महिलाको प्रजनन् स्वास्थ्यको कारण हुन सक्ने सम्भावित मृत्यु हुनबाट बचाउने ।

(ग) महिलालाई सुरक्षित प्रसुती सेवा उपलब्ध गराउने ।

(घ) नवजात शिशुलाई सुरक्षित मातृत्व सेवा उपलब्ध गराउने ।

**५. हवाई उद्धार कार्यक्रम संचालन हुने जिल्ला र स्थान :**

दुर्गम हिमाली तथा पहाडी क्षेत्रका दार्चुला, बैतडी, बाजुरा, बझाङ, डोटी, अछाम, जाजरकोट, दैलेख, मुगु, कालिकोट, जुम्ला, हुम्ला, डोल्पा, ताप्लेजुङ, संखुवासभा, भोजपुर, पाँचथर, तेह्रथुम, खोटाङ, ओखलढुंगा, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक (पाचपोखरी थामपालथाप गा.पा., हेलम्वु गा.पा., जुगल गा.पा.) रसुवा, धादिङ (रूवीभ्याली गा.पा.) गोरखा, (सुलिकोट गा.पा., आरुघाट गा.पा., सिरानचोक गा.पा. ,गण्डकी गा.पा., अजिरकोट गा.पा., धार्चे गा.पा., चुमनुब्री गा.पा) बाग्लुङ (ढोरपाटन न.पा., गलकोट न.पा., बडिगाड गा.पा., निसिखोला गा.पा., बरेङ गा.पा., ताराखोला गा.पा., काँठेखोला गा.पा., तमानखोला गा.पा., जैमुनी न.पा.,) मनाङ, मुस्ताङ, म्याग्दी, रोल्पा, रुकुमपूर्व, रुकुमपश्चिम र सल्यान जिल्लामा हवाई उद्धार कार्यक्रम संचालन हुनेछ ।

**६. हवाई उद्धार कार्यक्रमको लागि सेवा प्रदायक संस्थाको छनोट**

हवाई उद्धार कार्यक्रमको लागि सेवा प्रदायक संस्था सार्वजनिक खरिद ऐन, २०६३ मा भएका व्यवस्था बमोजिम सरकारी तथा निजीक्षेत्रबाट अन्य सेवा खरिद गरिनेछ । सेवा प्रदायक संस्थाले हवाइ उडान सेवा सञ्चालन गर्ने, भुक्तानी प्रकृया लगायतका विषयहरू सोसम्बन्धी संझौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**७. समन्वय समिति**

(क) यस कार्यक्रम अन्तर्गत सेवा प्रदायक संस्थाले हवाई उद्दार कार्यको समन्वय गर्नको लागि देहाय वमोजिमको हवाई उद्धार समन्वय समिति रहने छ :-

१ महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, महिला सशक्तीकरण महाशाखा प्रमुख - संयोजक

२ गृह मन्त्रालय, विपद व्यवस्थापन महाशाखा प्रमुख - सदस्य

३ संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको प्रतिनिधि - सदस्य

४ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महाशाखा प्रमुख - सदस्य

५ संस्कृति,पर्यटन तथा उड्डयन नागरिक मन्त्रालय - सदस्य

६ सैनिक हवाई महानिर्देशानलय, नेपाली सेना प्रतिनिधि - सदस्य

७ नेपाल प्रहरी महिला बालबालिका सेवा निर्देशनालय प्रतिनिधि - सदस्य

८ नागरिक उड्डयन प्राधिकरणको प्रतिनिधि - सदस्य

९ राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयन शाखा प्रमुख, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय - सदस्य सचिव

(ख) समन्वय समितिको काम कर्तव्य र अधिकार:-

(१) तोकिएका जिल्ला भित्रका पालिका वस्ती (वार्ड) को नक्सांकन गर्ने

(२) हेलिकप्टर प्रयोग गर्ने मापदण्ड तयार गर्ने ।

(३) तोकिएका अस्पतालसंगको सहकार्यको ढाँचा तयार गर्ने ।

(४) तोकिएका अस्पतालमा उपलब्ध हुने सुविधा र स्तरको विवरण अध्यावधिक गर्ने ।

(५) प्राप्त सिफारिस बमोजिम हवाइ साधन उपलब्ध गराउने निर्णय गर्ने ।

(६) हवाइ उद्दार गर्दा उद्दार गरिने महिलाको स्वास्थ्य स्थिति, आर्थिक मितव्यीता र अस्पतालमा उपलब्ध सुविधाको स्तर अध्ययन गरी तोकिए बमोजिमका पायक पर्ने उपयुक्त नजिकको अस्पतालमा उद्दार गर्ने निर्णय गर्नु पर्नेछ ।

(७) हवाई उद्दारको लागि सेवा प्रदायकलाई आदेश दिइसकेपछि गन्तव्य अस्पतालमा सो व्यहोराको जानकारी दिई आवश्यकताअनुसार एम्बुलेन्स सेवा उपलब्ध गराउन समेत अनुरोध गर्ने ।

(८) हवाइ उद्दार सम्बन्धमा आकस्मिक रूपमा आइपरेका समस्या विश्लेषण गरी आवश्यक निर्णय लिने वा मन्त्रालयमा राय सहित सिफारिस गर्ने ।

(९) समन्वय समितिको सदस्य सचिव समितिको सम्पर्क व्यक्तीको रूपमा काम गर्नेछ ।

## ८. स्थानीय सिफारिस समिति

(क) स्थानीय तहमा हवाई उद्दार गर्ने कार्यको लागि समन्वय गर्न देहाय बमोजिमको सिफारिस समिति गठन गरिनेछ:-

(१) गाउँपालिका \ नगरपालिकाको अध्यक्ष — संयोजक

(२) गाउँपालिका \नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(३) सबन्धित वडाका अध्यक्ष — सदस्य

(४) स्थानीयतहको क्षेत्रमा रहेको नेपाल प्रहरीको कार्यालय प्रमुख —
सदस्य

(५) स्थानीय स्वास्थ्य संस्थाको प्रमुख — सदस्य सचिव

(ख) स्थानीय सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) आफ्नो जिल्ला भित्र रहेका अस्पताल र त्यहा उपलब्ध प्रसुति सेवा सम्बन्धी जानकारी अध्यावधिक गर्ने र सो बारेमा समन्वय समितिलाइ जानकारी गराउने ।

(२) आफ्नो क्षेत्रमा अन्तर्गत ज्यान जोखिममा परेका महिला वा उनको परिवारका सदस्यले दिएको निवेदन बमोजिम हवाई उद्दारको लागि सिफारिस गर्ने ।

(३) आफ्नो स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने भनी स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य संस्थाको डाक्टर, स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, अहेव वा अनमी मध्ये कम्तिमा २ जनाले संयुक्तरुपमा सिफारिस पुर्जी ( Referal Slip) दिएको हुनुपर्ने छ ।

(४) सिफारिस गरिएका व्यक्ति र सो मध्ये सेवा पाएका व्यक्तिको नाम एवं खर्च आवधिक गर्ने ।

(५) नजिक स्थल यातायात साधन उपलब्ध हुने ठाँउसम्म पुग्न लाग्ने समयको एकिन गर्ने ।

(६) सुबिधा सम्पन्न अस्पतालमा पुर्याउन स्थल यातायातको माध्यामबाट पुर्याउन लाग्ने समय एकिन गर्ने ।

(७) हवाई उद्दार गर्दा हवाई साधन (हेलिकप्टर) अवतरण हुने स्थान पहिचान गरी सोको सूचना हवाई उद्दार समन्वय समितिलाई दिने ।

(८) सम्बन्धित परिवारको आर्थिक अवस्थाको बारेमा जानकारी लिने ।

(९) सेवा प्रदायक संस्था र हवाई उद्धार समन्वय समितिसंग निरन्तर समन्वय,संचार र सम्पर्कमा रहने ।

(१०) समितिले गरेका सिफारिसको विवरण राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा मासिक रुपमा उपलब्ध गराउने ।

(११) अन्य सम्बन्धित सरोकारवाला निकायहरु संग समन्वय गर्ने ।

## ९. हवाई उद्धार सम्बन्धी प्रकृयागत व्यवस्था

(क) दफा ८ अनुसार स्थानीय तहमा रहेको सिफारिस समितिले स्थानीय स्वास्थ्य संस्थाको पूर्जीसहितको लिखित सिफारिस समन्वय समितिको सम्पर्क व्यक्तीलाइ पठाउने ।

(ख) समन्वय समितिको सम्पर्क व्यक्तीले संयोजकसंग समन्वय गरी तुरून्त समितिको बैठक बोलाउने ।

(ग) समन्वय समितिले बैठक वसी प्राप्त सिफारिसको विश्लेषण गरी हवाइ उद्धार सेवा उपलब्ध गराउने सम्बन्धमा निर्णय गर्ने ।

(घ) खण्ड (क) बमोजिम स्थानीय सिफारिस समितिको बैठक तत्काल बस्न नसकेको अवस्थामा सोही व्यहोरा जनाइ स्थानीय स्वास्थ्य संस्थाको प्रमुख सहित अर्को एकजना स्वास्थ्य कर्मीले उपलब्ध गराएको पूर्जीको आधारमा समेत समन्वय समितिले हवाइ उद्धार सम्वन्धमा निर्णय गर्न सक्नेछ ।

(ङ) समन्वय समितिको निर्णय अनुसार सदस्य सचिवले सेवा प्रदायक संस्थालाइ हवाइ उद्धार सेवा उपलब्ध गराउन तत्कालै मौखिक र पछि लिखित आदेश दिनेछ ।

(च) समन्वय समितिको बैठक तत्काल बस्न सक्ने अवस्था नभएमा सदस्य सचिवले संयोजकको आदेश लिइ समितिबाट पछि अनुमोदन गराउनेगरी हवाइ सेवा उपलब्ध गराउन हवाइ सेवा प्रदायक संस्थालाइ आदेश दिन सक्नेछ ।

(छ) सदस्य सचिवबाट आदेश प्राप्त हुना साथ सेवा प्रदायक संस्थाले जति सक्दो छिटो आफ्नो हवाइ साधन तोकिएको स्थानमा पठाइ तोकिए बमोजिम ज्यान जोखिममा परेकी गर्भवती तथा सुत्केरी महिला लाइ उद्धार गरी दफा १२ मा उल्लेख भएबमोजिम नजिकको तोकिएको अस्पतालमा पुर्याउने व्यवस्था गर्नु पर्नेछ ।

(ज) दफा ३ को खण्ड (ज) मा उल्लेखित ज्यान जोखिममा परेकी गर्भवती तथा सुत्केरी महिला बाहेक अन्य व्यक्तिको हकमा यो सेवा उपलब्ध हुने छैन ।

(झ) खण्ड (ज) अनुसार हवाइ उद्धार गर्दा कुरूवा तथा रेखदेखको लागि उद्धार गर्नु पर्ने महिलाको स्वास्थ्य अवस्था हेरी एकाघरका सदस्य वा नजिकका संरक्षक गरी बढीमा दुइजना सम्मलाइ साथै जान हवाइ चालकले अनुमति दिन सक्नेछ ।

## १०. सेवा प्रदायक संस्थाले उद्धार कार्यको विवरण मन्त्रालयमा पेश गर्नु पर्नेछः-

(क) हवाई उद्धार गर्दा लागेको हेलिकप्टरको उडान समय नागरिक उड्डयन प्राधिकारणबाट प्रमाणीत गराई पेश गर्ने।

(ख) उद्धार गरिएको महिलाको नागरिकताको प्रमाणित प्रतिलिपी वा परिचय खुल्ने पत्रको प्रतिलिपि ।

(ग) स्थानीय स्वास्थ्य संस्थाको प्रमुखसहित दुइजना स्वास्थ्यकर्मीको सिफारिस पत्रको प्रतिलिपि।

**११ हवाई उद्दार गरिएकी महिलाकोतर्फ बाट निम्न विवरण मन्त्रालयमा पेश गर्नु पर्नेछः-**

(क) स्थानीय तहको सिफारिस समितिले उद्दारको लागि गरेको निर्णय सहितको पत्र ।

(ख) स्थानीय स्वास्थ्य संस्थाको प्रमुखसहित दुइजना स्वास्थ्यकर्मीको सिफारिस पत्र।

(ग) उद्दार गरिएको महिलाको नागरिकताको प्रमाणित प्रतिलिपी वा परिचय खुल्ने पत्र ।

**१२. स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था**

(क) ज्यान जोखिममा परेकी गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य उपचार गर्नको लागि दफा ५ वमोजिमका जिल्ला र स्थानबाट हवाइ उद्दार गरी सम्वन्धित प्रदेश भित्र पर्ने देहाय वमोजिमका पायक पर्ने नजिकका अस्पतालमा पुर्‍याउने व्यवस्था गरिनेछः

| सि. नं. | स्थानको विवरण | तोकिएको अस्पताल |
|---|---|---|
| १. | प्रदेश नं. १ | कोशी अंचल अस्पताल मोरंग, |
| २. | प्रदेश नं. २ | सगरमाथा अञ्चल अस्पताल ससरी, जनकपुर अंचल अस्पताल जनकपुर, नारायणी उप क्षेत्रीय अस्पताल पर्सा, विरगन्ज । |
| ३. | प्रदेश नं. ३ | परोपकार प्रशुती तथा स्त्रीरोग अस्पताल थापाथली, भरतपुर अस्पताल चितवन, |
| ४. | गण्डकी प्रदेश | पश्चिमान्चल क्षेत्रीय अस्पताल पोखरा, |
| ५. | प्रदेश नं. ५ | लुम्बिनी अञ्चल अस्पताल, राप्ती उप क्षेत्रीय अस्पताल, भेरी अंचल अस्पताल बाँके नेपालगंज । |
| ६. | कर्णाली प्रदेश | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, मध्यपश्चिम क्षेत्रीय अस्पताल सुर्खेत । |
| ७. | सुदूरपश्चिम प्रदेश | सेती अंचल अस्पताल धनगढी । |

(ख) हवाई साधन हेलिकप्टर अवतरण भएको स्थानबाट अस्पतालसम्म ल्याउनको लागि तोकिएको अस्पतालले एम्वुलेन्स सेवा उपलतब्ध गराउनु पर्नेछ । सोको लागि समन्वय समितिले अनुरोध गर्नेछ ।

(ग) माथि खण्ड (क) बमोजिमको अस्पतालमा स्वास्थ्य तथा जनसख्या मन्त्रालयसंगको सहकार्यमा निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।

(घ) उद्दार गरिएकी महिलाको गर्भवती तथा सुत्केरी महिला एवं नवजात शिशुको उपचारमा लागेको अन्य उपचार खर्च रकम यो कार्यक्रमबाट उपलब्ध हुने छैन ।

(ङ) अस्पतालमा भर्ना भएकी सुत्केरी महिलाको उपचार र डिस्चार्ज भएको विवरण सम्बन्धित अस्पतालले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्नेछ ।

## १३. अनुगमन, मुल्यांकन तथा प्रतिबेदन

ज्यान जोखिममा परेकी गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्दारसम्बन्धी कार्यको मन्त्रालय, विभाग र यस अन्तर्गत बनेको समिति तथा राष्ट्रपति महिला उत्थान कार्यक्रम निर्देशक समितिले आवश्यकता अनुसार आवधिक समिक्षा तथा मुल्यांकन गर्नेछ । सेवा प्रदायक संस्थाले हवाई उद्दार सम्बन्धी सम्पादन गरेका कार्यहरुको विवरण प्रत्येक महिना महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय शाखामा उपलब्ध गराउन पर्नेछ ।

## १४. अन्य व्यवस्था

ज्यान जोखिममा परेकी गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्दार सम्बन्धी कार्य सम्बन्धमा बाधा अडकाऊ फुकाउने अधिकार मन्त्रालयमा निहीत हुनेछ ।

माननीय मन्त्रीस्तरबाट स्वीकृत मितिः२०७५।७।३०